# घोटला (स्क्याम) को बारेमा ग्राहकहरुका लागि महत्वपूर्ण जानकारी।

आदरणीय ग्राहकज्यु,

विश्वास र सुरक्षा हाम्रो लागि प्राथमिकता हो।

समय-समयमा, हामी यस्ता अवस्थाहरू देख्दछौं जहाँ ग्राहकलाई धम्की दिएर, जबरजस्ती गरेर वा कोही तेस्रो पक्षद्वारा नियन्त्रण वा प्रभावित पारेर आर्थिक लेनदेन गर्न लगाईएको हुन्छ। कहिलेकाँही अपराधीहरू ग्राहकसँगै शाखामा जान्छन् वा वित्तीय लेनदेन पूरा भएको सुनिश्चित गर्न फोन मार्फत निर्देशनहरू प्रदान गर्दछन्।

यी घोटला (स्क्याम) हरू धेरै प्रकारका हुन्छन् र अत्याधिक जटिल हुन सक्छन्। ग्राहकहरु सतर्क र सचेत हुनुपर्दछ, र कुनै पनि शकास्पद गतिविधिको उजुरी गर्नु पर्छ।

## चेतावनी र खतराका संकेतहरू।

घोटला गर्नेहरुले अक्सर जरुरीपनको भावना सिर्जना गर्न कोसिस गर्दछन्। उनीहरूले छोटो म्याद दिएर, नक्कली आपतकालिन अवस्था देखाएर, कानुनी कारबाहीको धम्की वा प्रहरी बलको, बैंक वा सरकारी विभागको प्रतिनिधिको रूपमा प्रस्तुत भएर ग्राहकहरूलाई दवाब दिने गर्छन्।

## घोटलाका प्रकारहरु।

**सामान्य घोटलाहरू निम्न प्रकारका हुन्छन्ः**

- सूचना प्रविधि र दूर पहुँच (तपाईंको कम्प्युटर, मोबाइल वा अन्य विद्युतिय उपकरणमा)
- लगानी
- प्रेमी प्रेमिकाको भेट र मायाप्रिती
- अप्रत्याशित पैसा वा जीत
- नक्कली परोपकार
- खरीद वा बिक्री
- पेशा र रोजगारी
- धम्की र जबरजस्ती चन्दा
- तपाईंको व्यक्तिगत जानकारी प्राप्त गर्न अन्य प्रयासहरू

हामी तपाईंसँग तपाईंको पिन, पासवर्ड वा नेटब्याक एस.एम.एस कोड टेलिफोन वा ईमेल मार्फत कहिले पनि सोध्दैनौं। यदि तपाईंलाई कमबैंक (CommBank) बाट सम्पर्क गरेको हो भनि दावी गर्दै कसैले यो जानकारी माग्यो भने वा त्यो सही व्यक्ति हो भन्नेमा तपाईं निश्चित हुनुहुन्न भने, अगाडि नबढ्नुहोस् र कुनै पनि कदम चाल्नु अघि प्रमाणित गर्नलाई हामीलाई फोन सम्पर्क गर्नुहोस्।

## थप जानकारी कहाँ पाइन्छ।

हालसालका घोटला/घोटलाकारीहरूकाबारे थप शिक्षा र जानकारी भएका थुप्रै अनलाइन स्रोत साधनहरू छन्, जस्तै www.commbank.com.au/scams र www.scamwatch.gov.au

तपाईंले CommBank को वेबसाइटमा 'Safe & Savvy' पनि खोज्न सक्नुहुन्छ जसमा निर्देशिका छ जुन हाम्रा पाको ग्राहकहरुलाई बृद्ध दुर्व्यवहार, घोटला र जालसाजी बारे बुझ्न र त्यसबाट जोगिन सघाउनलाई तयार पारिएको हो । यदि तपाईंलाई माथिका कुनै पनि ससाधनहरूमा पहुँच पाउन सहयोग चाहिएमा, कृपया कुनै पनि CommBank को शाखामा जानुहोस्।

## हामी यहाँ सहयोग गर्न हाजिर छौं।

यदि तपाईंले आफ्नो खाताहरुमा अनधिकृत लेनदेन भएको वा असामान्य गतिबिधि भएको थाहा पाउँनु भयो भने, वा CommBank बाट गरेको सम्पर्कलाई पुष्टि गर्न आवश्यक ठान्नु भयो भने तपाईंले हामीलाई कुनै पनि समयमा **13 2221 (विदेशबाट +61 2 9999 3283) मा फोन गर्न सक्नुहुन्छ,** वा **तपाईंको स्थानीय शाखामा जान सक्नुहुन्छ।**

तपाईंले बैंकको घोटला समुहलाई पनि 1800 023 919 मा फोन गर्न सक्नुहुनेछ। विकल्प २ छान्नु होला, त्यसपछि विकल्प १ (सोमबार देखि शुक्रवार बिहान ८ बजे देखी साँझ ७ बजे सम्म, शनिबार र आइतबार बिहान ८ बजे देखी बेलुका ४.०० बजे सम्म, सिडनी समय)।

यदि तपाईंलाई भावनात्मक र मनोवैज्ञानिक सहयोगको आवश्यक्ता पर्छ भने कृपया हाम्रो ग्राहक सहयोग सेवालाई 1300 360 793 मा फोन गरेर भेट्ने समय मिलाउनुहोस्।
यो ग्राहक सहयोग सेवा छोटो अवधिको लागि, गोप्य टेलिफोन परामर्श सेवा हो जुन अष्ट्रेलियामा रहेका Commonwealth बैंक र बैंकवेस्ट (Bankwest) का ग्राहकहरूका लागि उपलब्ध छ।

धन्यवाद कमबैंक

प्रायः हुने गरेका घोटलाका किसिमको साराशका लागि कृपया पृष्ठ २ हेर्नुहोस्।

Commonwealth Bank

**सूचना प्रविधि र दूर पहुँच घोटलाहरू**

**तपाईंलाई :**

- कुनै वित्तीय सस्थान, दूरसचार कम्पनी वा आई.टी. (सुचना प्रविधि) को ग्राहक सेवाबाट सम्पर्क गरेको दावी गर्दै कसैबाट विज्ञापनको फोन आउँन सक्छ। उनीहरुसँग तपाईंको विवरण पहिले नै हुनसक्छ ।
- कुनै एउट कम्पुटर प्रोग्राम स्थापना गर्न वा विशेष कोड पढेर सुनाउन लगाइन्छ। यो तरिका अक्सर दूर पहुँच प्रदान गर्न प्रयोग गरिन्छ ताकि छलकपकटवालाले तपाईंको उपकरण देख्न र नियन्त्रण गर्न सक्दछ।
- अपराधीहरु पक्रन सहयोग मागिन्छ।

**लगानी र जागिरबारे छलकपटहरु**

**तपाईंलाई:**

- धितो वा क्रिप्टोकुरेन्सी (विद्युतिय/अदृस्य मुद्रा) जस्ता लगानीका क्षेत्रहरु प्रस्ताव गर्छन जुनबाट तपाईंको लगानीको प्रतिफल दर एकदम राम्रो हुने सुनिश्चित गराउँदछन्।
- जागिरको अवसर प्रस्ताव गरिन्छ जुन पत्याउनै नसक्ने गरि राम्रो सुनिन्छ। कुनै व्यवसाय वा उनीहरुका "ग्राहकहरु" बाट रकम प्राप्त गर्ने र त्यसपछि त्यो पैसा अरु कतै सार्ने काम गरिन सक्छ।
- काममा वा लगानीमा अरु मान्छे भर्ती गर्न लगाउन सक्छन ।

**सम्बन्धको छलकपट**

**तपाईंलाई:**

- अनलाइन वा सामाजिक मिडिया मार्फत जो प्रेमि/प्रेमिकासँग तपाईंको भेटघाट भएको थियो त्यसलाई अहिले पैसाको तुरुन्त आवश्यकता पर्यो भनेर माग्छन्।
- अन्तर्राष्ट्रिय रकम प्रवाह ( International Money Transfers) (आई.एम.टी.) मा खाता दर्ता गर्न लगाएर कसरी विदेशमा पैसा पठाउने भनेर निर्देशन दिइनेछ। आई.एम.टी.को विवरण प्राप्तकर्ताको विवरणसँग मेल नखान सक्छ।

**अप्रत्याशित पैसाको घोटलाहरू**

**तपाईंलाई:**

- चिठ्ठा परेको, लाभ प्राप्त भएको वा त्यस्तै बारेमा ईमेल, फोन सम्पर्क वा तपाईंको कम्प्युटरमा फुत्त निस्किने सन्देश आउँन सक्छ।
- तपाई पैसाको हकदार हुनुभयो भनिनेछ तर त्यो पैसा निकासा गर्न तपाईंले पहिले पैसा तिर्नु पर्ने हुन्छ जस्तै कानूनी शुल्क।

**धम्की तथा जरिवाना सम्वन्धी घोटला**

**तपाईंलाई:**

- बैंकको जालसाजी हेर्ने कर्मचारी हुँ, प्रहरी कर्मचारी, अध्यागमनको कर्मचारी, वा ए.टिओ. (ATO) को कर्मचारी हुँ भनि दावी गर्दै तपाईंलाई कसैले सम्पर्क गर्न सक्छन्।
- तिरोभारो गर्न बाँकी छ/जरिवाना वा कर तिर्ने म्याद कटिसकेको छ भनेर भन्नेछन्।
- यदि तपाईंले भुक्तानी नगरेमा जेल हाल्ने वा निर्वाशित गर्ने जस्ता सजायको धम्की दिनेछन्।

**जाली रशिद/ जाली ईमेलबाट हुने घोटलाहरू**

**तपाईंलाई/तपाईंले:**

- नयाँ खाता मार्फत स्थापना गरिएको आपूर्तिकर्तालाई भुक्तान गर्नु भन्ने सूचना वा रसिद पाउनुहुन्छ।
- तपाईंको आपूर्तिकर्ताबाट सूचना पाउँनुहुन्छ कि उनीहरूले तपाईंबाट भुक्तानी पाएकै छैनन भन्ने।

**किन/बेच**

**तपाईंले:**

- अन्लाईनबाट किनेको सामानको पैसा तिरी सके पछी पनि त्यो सामन पाउँनु हुन्न।
- अन्लाईनबाट घर पालुवा जनवार किनेको पैसा तिरी सके पछी पनि त्यो घर पालुवा जनवार पाउँनुहुन्न।

**जाली परोपकारीहरु**

**तपाईंलाई:**

- परोपकार सस्थाबाट सम्पर्क गरेको भन्ने दावी गर्दै बच्चा बिरामी परेको भनेर पैसाको सहयोग माग्न सक्छन्।